# प्रदेश लोक सेवा आयोग

## बागमती प्रदेश, हेटौंडा

प्रशासन तथा अनुगमन शाखा

**स्थानीय सेवाका (अप्राविधिक/प्राविधिक) अधिकृत सातौं तहका पदहरूको कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना**

**सूचना नं. १२४/०८१/८२, प्रकाशन मितिः २०८१/०७/१२**

बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ९ को उपदफा (१) बमोजिम कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि सोही ऐनको दफा ३१, ३३, ४१, ४२, ४३, ४४, ४५ र ४६ बमोजिमका सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८१/०८/०२ सम्ममा दरखास्त दिनु हुन सूचना गरिन्छ। कर्मचारी समायोजन ऐन, २०७५ अनुसार प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरू सोही ऐनको दफा १४ को उपदफा २ (क) र (३) बमोजिम समायोजन हुनुपूर्व बहाल रहेको सेवा/समूह/उपसमूहको एक श्रेणी वा तह माथिको पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट ppsc.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी आवश्यक कागजातहरू संलग्न गरी दरखास्त पेस गर्ने अन्तिम मिति २०८१/०८/०२ गते भित्र आयोगको कार्यालयमा बुझाइ सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

### उम्मेदवारहरूले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरूः

(क) बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३३ बमोजिम बढुवाको लागि अयोग्य नभएको।

(ख) बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २९, ३१, ३७, ४१, ४२, ४३, ४४ र ४५ बमोजिमको योग्यता पुगेको।

(ग) दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना वा प्रदेश किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर अनिवार्य रूपमा उल्लेख गर्नु पर्ने र किताबखानामा आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गरी सो को व्यक्तिगत अभिलेख (PIS) समेत संलग्न गर्नुपर्ने।

(घ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नुपर्ने।

(ङ) दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू खुलाउनु पर्ने र सो बमोजिम कागजातहरू संलग्न गर्नु पर्ने। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको का.स.मू. पेस गरेको कार्यालयको नाम, हालको श्रेणी/तहमा अध्ययन बिदा

र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सोको विवरण र बागमती प्रदेशको स्थानीय तहमा समायोजन भएको पत्र समेत पेस गर्नुपर्ने।

(च) स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ९ को उपदफा (९) बमोजिम कार्यक्षमताको मूल्याङ्कन र जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि सम्बन्धित सेवा, समूह वा उपसमूहको एक तह मुनिको पदमा बहाल रहेका बढुवाको लागि आवश्यक न्यूनतम सेवा अवधि र न्यूनतम शैक्षिक योग्यता पूरा गरेका स्थानीय सेवाका कर्मचारीहरू सम्भाव्य उम्मेदवार हुनेछन्।

(छ) दरखास्त दस्तुर रु. १,२००|- (एक हजार दुई सय)

(ज) दरखास्त दस्तुर बुझाउने स्थानः

राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, खाता नं. १०००२०००१००००

नेपाल बैङ्क लिमिटेड, खाता नं. २७२०२००००००१००१००००००१

कार्यालय कोडः २१०००३२०१३ (प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश)

राजस्व शीर्षक नं. १४२२४ मा दरखास्त दस्तुर बुझाएको बैङ्क भौचरको सक्कल प्रति संलग्न गरी दरखास्त पेस गर्नु पर्ने।

(झ) विज्ञापन भएका पदहरू दरखास्तको अन्तिम मिति भित्र कुनै कारणवस परिमार्जन गर्नु परेमा आयोगको निर्णय बमोजिम परिमार्जन हुन सक्नेछ।

## विवरण

| क्र.सं. | ब.सू.नं. | तह | सेवा, समूह, उपसमूह, पद | पद सङ्ख्या |
|---|---|---|---|---|
| १ | ५०/०८१-८२ | ७ | प्रशासन/सामान्य प्रशासन/अधिकृत सातौं वा सो सरह | १ |
| २ | ५१/०८१-८२ | ७ | प्रशासन/लेखा/लेखा अधिकृत सातौं वा सो सरह | १ |
| ३ | ५२/०८१-८२ | ७ | कृषि/विभिन्न/कृषि अधिकृत सातौं वा सो सरह | १ |
| ४ | ५३/०८१-८२ | ७ | कृषि/ला.पो.डे.डे./ पशु विकास अधिकृत | १ |
| ५ | ५४/०८१-८२ | ७ | इन्जिनियरिङ/सिभिल/जनरल/इन्जिनियर | ४ |
| ६ | ५५/०८१-८२ | ७ | इन्जिनियरिङ/सिभिल/वि. एण्ड आर्क./इन्जिनियर | १ |
| ७ | ५६/०८१-८२ | ७ | शिक्षा/शिक्षा प्रशासन/शिक्षा अधिकृत सातौं वा सो सरह | २ |
| | | | **जम्मा** | **११** |